# भूमे साप्ताहिक

वर्ष ४ अङ्क ६ २०७९ माघ १८ बुधबार



## सम्पादकीय

# सकारात्मक थालनी

यसै साता गोरखा जिल्लाको भिमसेन गाउँपालिकाका अध्यक्ष लोकबहादुर बज्ञारासहित जनप्रतिनिधिहरुले भूमे गाउँपालिकाको अवलोकन भ्रमण गर्नुभयो। भ्रमणका क्रममा भूमे गाउँपालिकाको कार्यालय, वडा नं. ६ को महतस्थित स्याण्ड मोडेलको सहिद स्मारिका, यहाँको भौगोलिक अवस्था, हावापानी, जनजीवन, विकास निर्माण र कला संस्कृतिका विषयमा उहाँहरुले जानकारी लिनुभयो। टोलीलाई भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढालगायत जनप्रतिनिधि र कर्मचारी मित्रहरुले स्वागत गर्नुभयो। यसरी जनप्रतिनिधिहरुले अवलोकन भ्रमण गरेर अनुभव आदानप्रदान गर्नु सहानीय पक्ष हो। भिमसेन गाउँपालिकाले सकारात्मक थालनी गरेको छ।

आन्तरिक पर्यटकको रुपमा मात्रै होइन, अन्तरपालिका अनुभव आदान प्रदानका हिसाबले पनि जनप्रतिनिधिहरुको भ्रमण सकारात्मक छ। यस्ता भ्रमण र भेटघाटले पर्यटन प्रवर्द्धनका साथै जनतालाई सेवा सुविधा दिने विषय र कला संस्कृतिको आदान प्रदानमा पनि महत्वपूर्ण भूमिका खेल्दछ। त्यस्तै स्थानीय सरकार सञ्चालनमा एक अर्काको अनुभवले निकै मद्धत पुग्ने गर्दछ।

भूमे गाउँपालिकाले हाम्रा प्राकृतिक, ऐतिहासिक र पुरातात्विक पर्यटक स्थल एवं कला संस्कृतिको प्रवर्द्धन गर्न आन्तरिक भ्रमणको योजना बनाउन आवश्यक छ। त्यस्तै, अन्य पालिकाका जनप्रतिनिधिहरुलाई हाम्रो पालिकामा बोलाएर अवलोकन भ्रमण गराउन आवश्यक छ। गोरखा भिमसेन गाउँपालिकाको टोलीले शुरु गरेको यस सत्प्रयासमा हामी सबै सहभागी बनौं।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# चौथो राष्ट्रपति रनिङ शिल्ड फाल्गुन ८ देखि शुरु हुने



बृहत रङ्गशाला भूमे—६, महत

❖ **बालाराम शेर्पाली**

भूमे गाउँपालिका स्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०७९ फाल्गुण ०८ देखि भूमे गाउँपालिकाको बृहत रङ्गशाला भूमे—६, महतमा हुने भएको छ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन, व्यवस्थापन तथा निर्देशन समितिको माघ १७ गते बसेको निर्णय अनुसार भूमे गाउँपालिका वडा नं. ६, महतमा रहेको श्री जनजागृति माध्यामिक विद्यालय आयोजक हुने गरी बृहत रंगशालामा रनिङ शिल्ड सञ्चालन हुन लागेको समितिका संयोजक तथा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले जानकारी दिनुभयो।

प्रतियोगिता यही फाल्गुण ८ गतेबाट सुरु हुने शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख कौशल कुमार तिवारीले जानकारी दिनुभयो। तिवारीका अनुसार रनिङ शिल्ड प्रतियोगितामा छात्र—छात्रा भलिवल, छात्र—छात्रा कबड्डी, छात्र—छात्रा फुटवल, एथ्लेटिक्स ट्रयाकतर्फ छात्र— १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि र ३००० मिटरको दौड समावेश गरिएको छ। त्यसैगरी छात्रातर्फ १०० मि, २०० मि, ४०० मि, ८०० मि, १५०० मि र ३००० मि समावेश गरिएको छ। त्यसैगरी रिले छात्र—छात्रातर्फ ४x१००, ४x४०० रिले समावेश गरिएको छ।

त्यसैगरी फिल्डतर्फ छात्रतर्फ हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्यावलिङ थ्रो, ८०० ग्राम सटफुट अनि छात्रातर्फ हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्यावलिङ थ्रो, ६०० ग्राम सटफुट समावेश गरिएको सदस्य चन्द्र रसाइलीले जानकारी दिनुभयो।

बैठकमा संयोजक तथा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख कौशल कुमार तिवारी, सदस्य रामबहादुर पुन, गंगा बुढाथोकी, एकराज डाँगी, पविता बुढाथोकी, शोभा चन्द थापा, चन्द्र रसाइली समुन्द्र बुढा लगायतको उपस्थिति रहेको थियो।

# गोरखा भिमसेन गाउँपालिकाका जनप्रतिनिधि भूमेमा




गोरखाका जनप्रतिनिधिहरुले रुकुमपूर्वको भूमे गाउँपालिकाको भ्रमण गर्नुभएको छ। गोरखाको भिमसेन गाउँपालिका अध्यक्ष लोकबहादुर बञ्जाराको नेतृत्वमा आएको भ्रमण टोलीले भूमे गाउँपालिकाका विभिन्न स्थानको अवलोकन भ्रमण गरेको हो।

टोलीले माघ १६ गते सहिद दिवसकै दिन पारेर भूमे गाउँपालिका वडा नं. ६ महतको स्याण्ड मोडेलको सहिद स्मारिकामा पुगेर सहिदहरुलाई अबिर तथा माल्यार्पण गरेको थियो। भ्रमण टोलीलाई गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, उपाध्यक्ष सविना बुढा लगायतले स्वागत गर्नुभएको थियो।

अवलोकन भ्रमण टोलीमा भिमसेन गाउँपालिका अध्यक्ष लोकप्रसाद बञ्जारा, उपाध्यक्ष अमृता अवस्थी, प्रमुख प्रशासकीय अधिकृत चित्रबहादुर अधिकारीलगायत जनप्रतिनिधि एवं कर्मचारीहरुको सहभागिता रहेको थियो।

भ्रमण टोलीमा सहभागी भिमसेन गाउँपालिका उपाध्यक्ष अमृता अवस्थीले अन्तर पालिका मैत्री सम्बन्ध बिस्तारमा भ्रमण निकै फलदायी भएको बताउनु भयो। भ्रमणमा आएको टोली भूमे गाउँपालिकाको भ्रमणपछि रोल्पातर्फ लागेको भूमे गाउँपालिका उपाध्यक्ष सविना बुढाले जानकारी दिनुभयो।



# पक्की सिँढी निर्माण

❖ बालाराम शेर्पाली

भूमे गाउँपालिका वडा नम्बर ८ ओढारखोलादेखि मैकाडा जोड्ने पक्की सिमिन्टेड सिँढीको निर्माण कार्य सम्पन्न भएको छ।



गाउँपालिकाको ५ लाख लगानीमा सिँढी निर्माण गरिएको हो। गत पुस १६ गतेदेखि काम शुरु गरेर माघ १२ गते सम्पूर्ण काम पूरा गरिएको सिँढी निर्माण समितिका सचिव गंगाप्रसाद खड्काले जानकारी दिनुभयो।

बर्षाको समयमा पानी परेर बाटो चिप्लो हुने भएकाले पक्की सिँढी निर्माण गरिएको हो। उक्त बाटोमा सिँढी निर्माण गरिएपछि स्थानीय सरकारले राम्रो काम गरेको भन्दै स्थानीयबासी खुसी भएका छन्। आगामी वर्ष गाउँपालिकालाई थप बजेट माग गरी मैकाडा गाउँको सबैतिर सिँढीसहितको बाटो निर्माण गर्नुपर्नेमा स्थानीयले माग गरेका छन्।

# विद्यालयमा दिवा खाजाको प्रभावकारिताबारे अनुगमन

❖ बालाराम शेर्पाली



भूमे गाउँपालिका वडा नं. ३ मा पर्ने सामुदायिक विद्यालयको गाउँपालिकाको टोलीले अनुगमन गरेको छ।वडाका बासु स्मृति नमुना आधारभूत विद्यालय क्याङ्सी र टक्सार आधारभूत विद्यालय झुम्लाबाङमा गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको नेतृत्वमा गएको टोलीले अनुगमन गरेको हो।

ती विद्यालयहरुमा सर्वाङ्गिण विकास समाज नेपालको दिवा खाजाको व्यवस्था गर्दै आएको छ। सो क्रममा पालिकाको अनुगमन टोलीले दिवा खाजाको गुणस्तर र प्रभावकारिताबारे जानकारी लिएको थियो।

दिवा खाजा कार्यक्रमले विद्यालयमा विद्यार्थीको उपस्थिति संख्यामा वृद्धि भएको पाएको गाउँपालिका अध्यक्ष श्रेष्ठले बताउनु भयो। उहाँले पोसिलो र सफा खाजाको व्यवस्थापन गरेको भन्दै सर्वाङ्गीण विकास समाज नेपाललाई धन्यवाद व्यक्त गर्नुभयो।

अनुगमनमा अध्यक्ष श्रेष्ठ, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद भट्टराई, भूमे ३ का कार्यवाहक अध्यक्ष निमकुमारी सुनार, स्थानीय वुद्धिजिवी जोगबहादुर पुन, गाउँपालिकाका कर्मचारी चन्द्र रसाइली, संस्थाका कार्यकारी निर्देशक सुशील गुरुङ, विजय लामालगायतको उपस्थिति रहेको थियो।

# पर्यटकीय क्षेत्र मारिङ र एकीकृत कृषि अनुसन्धान केन्द्र

❖ चन्द्रसिंह श्रेष्ठ

नेपालको संविधान बमोजिमको राज्य संरचना अनुसार ५ नं. प्रदेश रुकुम (पूर्व) जिल्ला भूमे गाउँपालिकाको वडा नं. २ र ७ को सिमानामा पर्ने स्थान हो मारिङ। जुन समुद्री सतहबाट २६४० मिटर उचाईमा करिब १५ हेक्टर क्षेत्रफलमा फैलिएको छ।

अधिक उचाईमा रहेको स्थान भएका कारण शरद



ऋतुमा करिब ३ महिना जति हिउँ जमेर जीवजन्तु तथा विरुवाहरुको लागि प्रतिकूल हावापानी हुने भएपनि अरु मौसममा सहज रुपमा आवत जावत तथा बास बस्न सकिन्छ।

मारिङको स्वच्छ हावापानीमा, धवलागिरी हिमश्रृङ्खला तथा सिस्ने र पुथा हिमालको सुन्दर दृष्यावलोकन गर्न सकिन्छ। उक्त स्थानबाट रोल्पाका थबाङ लगायत विभिन्न स्थान, रुकुम (पूर्व) जिल्लाको भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकाका विभिन्न स्थानहरुको अवलोकन गर्न सकिन्छ। मध्यपहाडी लोकमार्गबाट नजिकै भएकाले हाइकिङको लागि पनि गतिलो गन्तब्य हो।

उच्च स्थानमा रहेकाले चिसो हावापानीमा कृषिका नयाँ नयाँ प्रजातिहरु परीक्षण गरी बिउँ बैंकको रुपमा विकास गर्न सकिने साथै वन तथा वनस्पति र वन्यजन्तुहरुको अध्ययन अनुसन्धान र अवलोकन गर्न सकिने सम्भावना सहित भूमे गाउँपालिकाले उक्त स्थानलाई एकीकृत कृषि अनुसन्धान केन्द्रको रुपमा विकास अगाडि बढाएको छ। हाल उक्त स्थानमा विभिन्न प्रजातिका बोट विरुवा रोप्ने, तरकारी बालीको परीक्षण गर्ने, टनेल तथा ग्रीन हाउस निर्माण गर्ने, खानेपानी तथा सिंचाई सुविधा पुर्‍याउने कार्य सम्पन्न भैसकेको छ।

मारिङ अतिथि गृह र अनुसन्धान केन्द्र प्रशासनिक भवन निर्माण कार्य भैरहेको छ। उक्त स्थानबाट नजिकका थबाङ गाउँ, महत युद्ध फिचर, महत गाउँ, गुनाम र लाबाङ गाउँ, लुकुम काँक्री तथा तकसेरा, रुकुमकोट

लगायतका पर्यटकीय स्थानहरुमा पुग्न पनि सकिन्छ। भूमे गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक महत्व बोकेको यस स्थानलाई पर्यापर्यटनको रुपमा विकास गर्न सकिन्छ।

| | |
|---|---|
| **पर्यटकीय स्थल** | मारिङ |
| **स्थानः** | रुकुम) पूर्व (जिल्ला भूमे गाउँपालिका वडा नं २ र ७ |
| **विशेषता** | • समुद्री सतहबाट २६४० मिटर उचाईमा १५ हेक्टर क्षेत्रफलमा फैलिएको रमणीय ठाउँ<br>• शरद ऋतुमा करिब ३ महिना हिउँले ढाक्ने<br>• स्वच्छ हावापानीमा सिस्ने हिमाल, पुथा हिमाल, धौलागिरी हिमालको सुन्दर दृष्यावलोकन गर्न सकिने<br>• उच्च स्थलमा एकीकृत मारिङ कृषि अनुसन्धान केन्द्र |
| **पहुँच, पूर्वाधार र अन्य सुविधाको अवस्थाः** | • धर्मशाला-बागतारे-गुनाम-मारिङ सडकको पहुँच<br>• शौचालय, खानेपानीको सुविधा |
| **प्रस्तावित गन्तव्य नजिकका अन्य आकर्षक गन्तव्य** | • थबाङ<br>• क्याङ्सी जनवादी विद्यालय संग्रहालय, महत युद्ध फिचर, लुकुम वस्ती<br>• कमलदह रुकुमकोट, स्यार्पू |
| **पर्यटकले समय व्यतित गर्न सक्ने आधार** | • मनोरम दृष्यावलोकन, पिकनिक<br>• कृषि तथा वनस्पति अध्ययन अनुसन्धान |
| **लोकप्रियता** | समुद्री सतहबाट २६४० मिटर उचाईमा कृषि अनुसन्धान केन्द्र |
| **सुरक्षा प्रबन्ध/संरक्षण** | घेराबार नभएको, कृषि प्राविधिक तथा सहयोगी कर्मचारीले नियमित हेरचाह |
| **हालसम्मको भौतिक तथा वित्तीय लगानी र प्रतिफल** | • वि.सं. २०६२ मा तत्कालीन ने.क.पा. माओवादीद्वारा मारिङलाई एकीकृत जनकम्यून कृषि फर्मको रुपमा स्थापना गरी सुरुमा करिब ४०० जति स्याउको बेर्ना, करिब २०० जति देवदारको बेर्ना लगाइएको<br>• उपापबाट ५०० बेर्ना स्याउ, जिल्ला भूसंरक्षण कार्यालयबाट २ वटा पोखरी, जिल्ला कृषि विकास कार्यालयबाट खानेपानी तथा सिंचाईका लागि पाइप, एकवटा मलखाद र द्वन्द्व प्रभावित कार्यक्रमबाट नमूना बाखा फर्म स्थापना<br>• गाउँपालिकाद्वारा कृषि अनुसन्धान केन्द्रको स्थापना गरी आलु, तरकारी लगाउने, बारी खन्ने, बिरुवाको गोडमेल र संरक्षण गर्ने, खानेपानी तथा सिंचाई संरचना निर्माण<br>• प्रशासनिक भवन, अतिथि गृह, गेट, पदमार्ग र बगैचा निर्माण, भूम्या पूजाको फूल चढाउने ठान निर्माण |
| **विकास गर्न सकिने सम्भावना** | • कृषि अनुसन्धान केन्द्रको स्तरोन्नति र कृषि विउविजनको उत्पादन, प्रशोधन र बजारीकरण<br>• विभिन्न स्थानहरुमा पिकनिक स्पट, टेन्ट स्पट बनाउने, कृत्रिम पोखरी तथा काठको पुल बनाउने<br>• योजनावद्ध तरिकाले वनस्पति जोनहरु निर्माण गर्ने<br>• उच्च स्थानमा विभिन्न बिउको अनुसन्धान, जडिबुटी खेती, ग्रीन/फ्रुट करिडोर निर्माण गर्ने |

# अनाथको सहारा बन्दै जनवादी विद्यालय

❖ विक्रम परियार



जनयुद्धको समयमा माओवादीले रुकुमका पूर्वी क्षेत्रमा पनि जनवादी घुम्ती शिक्षा लागू गरिएको थियो। आन्दोलनका सहिद परिवार, घाइते, अपांगता भएका व्यक्ति, बेपत्ता र पूर्णकालीन माओवादी कार्यकर्ताका छोराछोरीलाई राज्यको निगरानीबाट जोगाउन र जनवादी शिक्षाको स्थापना गर्न यस्तो शिक्षा लागू गरेको बताइयो।

जनवादी विद्यालय बने पनि। अहिले ती सामुदायिकमा रूपान्तरण भए। अहिले त्यस्तै विद्यालय अनाथ बालबालिकाको संरक्षणमा पनि लागेका छन्। जनवादी शिक्षा अध्ययन गराइएको विद्यालयमा अहिले अनाथ बालबालिका पढ्छन्।

रुकुम पूर्वको भूमे गाउँपालिका निवासी वीरमान सुनार बिपन्न परिवारका सहाराविहीन छात्र हुन्। उनी अहिले भूमे गाउँपालिका ३ क्याङसीमा रहेको सहिद बासु स्मृति नमुना आवासीय विद्यालयमा बस्ने र पढ्ने गर्छन्। उनको खाने, बस्ने र हेरचाह गर्नेसमेत गाउँपालिकाले व्यहोरेको छ। उनले अहिले असहायको अनुभूति गर्नु परेको छैन। उनको पढाइको गुणस्तरमा समेत सुधार आएको छ। उनी मात्रै होइन, उनीसँगैका ४ छात्रा र १ छात्र गरी जम्मा ५ जना अनाथ, असहाय र विपन्न साथीहरू पनि छन्।

संघीयता कार्यान्वयनको पहिलो अभ्यासमै स्थानीय सरकारले यो कामको थालनी गरेको थियो। यसलाई अहिले पनि गाउँपालिकाले निरन्तरता दिँदै थप व्यवस्थित गर्दै लगेको छ। असहाय र विपन्नको चपेटामा परेका बालबालिकालाई उनीहरूको मौलिक हक सुनिश्चित हुने गरी हेरचाह र शैक्षिक गुणस्तरमा विकास गरेको शिक्षक रमेश बिक बताउँछन्।

तत्कालीन माओवादी आन्दोलनको बेला राज्य पक्षको दमनको निगरानीबाट जोगाउन र आफ्नो जनवादी शिक्षा स्थापित गर्ने उद्देश्यले रुकुम जिल्लाका विभिन्न आधार इलाकाहरूमा घुम्ति अभियान टोलीले विद्यालय चलाएको थियो। रुकुम पश्चिमको खारा, दुली, पूर्तिमकाडा र रुकुम पूर्वको छिपखोला लगायतमा रहेका भूमिगत विद्यालयमा पार्टीबाट शिक्षकहरू पनि परिचालन गरिन्थ्यो।

सोहीमध्येको एक सिस्ने गाउँपालिका–२ को छिपखोलामा जनवादी विद्यालयको सुरुवात हुँदा ५७ जना भूमिगत विद्यार्थी थिए।

तत्कालीन छिपखोला जनवादी विद्यालयका प्रधानअध्यापक दुर्गा गौतमसहित ४ जना भूमिगत रूपमा रहेका जनवादी शिक्षक थिए। विद्यार्थीलाई जन श्रमदान कार्यशैलीमा जोडी जनताहरूबाट नै जनमूल्यांकनसहितको परीक्षा प्रणालीसमेत लागू गरिएको तत्कालीन जनवादी शिक्षकहरूको मोर्चा सम्हालेका दुर्गा गौतमले बताए। उनका अनुसार राज्य पक्षप्रति नकारात्मक भाव जोगाउने र जनमैत्री सेवा समर्पणका पाठ्यपुस्तक तयार गरिन्थ्यो। त्यही अनुसार पढाइन्थ्यो। त्यतिबेला सबैभन्दा बढी सिमान्तकृत, दलित जनजाति र अन्य उपेक्षित उत्पीडित समुदायका छोराछोरीलाई शिक्षा दिन र विद्यालयमा आउन प्रेरित गरिन्थ्यो।

२०६१ सालमा स्थापना भएको यस जनवादी बिद्यालयमा माओवादीले निर्माण गरेका पाठ्यक्रमहरूको अध्ययन हुन्थे। ती पाठ्यक्रम अहिले संग्रहालयमा राखिएको छ भने उक्त जनवादी विद्यालय २०६९/०७० मा सरकारी शैक्षिक संस्थामा मर्ज भएको थियो। अहिले सहिद बासु स्मृति नमुना आधारभूत विद्यालय क्याङसीमा पठनपाठन हुन्छ भने आवासीय विद्यालयमा आवाससहितको व्यवस्था छ। यस ठाउँमा स्थानीय सरकारबाट जनशक्तिको परिचालन र खेलमैदानलगायत भौतिक संरचना र आवासीय क्रियाकलापमा २८ लाख खर्च भइसकेको गाउँपालिकाले जनाएको छ।

त्यतिबेला विद्यार्थीलाई श्रमप्रतिको सम्मान र महत्व, वर्गीय मुक्तिका लागि बलिदानी भाव, उत्पादन प्रणालीमा निजी स्वामित्वको अन्त्य, वर्गीय जातीय भेदभावको अन्त्य र वर्ग दुश्मनप्रतिको घृणाभाव हुने उदेश्यले पाठ्यपुस्तकको निर्माण गरिएको थियो।

अहिले यस ठाउँको इतिहास जोगाउने र वर्तमान परिस्थितिलाई विकास गर्दै लैजान पुराना पाठ्यक्रम र संरचनाहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने र बिपन्न अनाथ बालबालिकालाई पढाउने योजनासहित कार्य गरेको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताए।

*२०७९ माघ १५ आइतबारको अन्नपूर्ण पोष्टबाट साभार*

# न्यायमा पहुँच सबलीकरणबारे अन्तरक्रिया

न्यायमा पहुँच सबलीकरणबारे भूमे गाउँपालिकास्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। सहकर्मी समाजको आयोजनामा माघ १५ गते आइतबार न्यायमा पहुँच सबलीकरण र पालिकास्तरिय न्यायका लागि नागरिक सञ्जाल गठनसम्बन्धी अन्तरक्रिया कार्यक्रम भएको हो।

द्वन्द्वपीडितलाई सहज जीवनयापनका लागि सहजीकरण गर्ने, राज्यका तर्फबाट उपलब्ध गराइने राहतलाई प्रभावकारी कसरी बनाउने लगायतका विषयमा छलफल भएको थियो। गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा पालिका उपाध्यक्ष सविना बुढा, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रेम प्रसाद भट्टराई, सबै वडाका अध्धक्षहरु, महिला स्वयम्सेविकाहरु एवं द्वन्द्वपीडित व्यक्तिहरुको उपस्थिति रहेको थियो।

द्वन्द्वपीडितहरुका क्षेत्रमा काम गरिरहेको समाजले विभिन्न समितिहरु गठन गरिरहेको संस्थाकी माया बोहराले बताउनु भयो।

गजल

## आमा

**नारायण ओली**

मलाई सम्झेर आज त भात लगायौ रे आमा।
कहाँ गयौ ? खान आउ साँझ डगायौ रे आमा।

साह्रै सम्झेकी थियौ रे सुसेली हाल्दै मलाई नै,
रुँदा रुँदै आँखामा आँसु खास बगायौ रे आमा।

मेरो बाटो कुर्दा कुर्दै आत्तिएजस्तो लाग्छ आज,
साँझमा मेरो झल्को मुटुमा बास बसायौ रे आमा।

आमाले घर आउ भनी बार-बार बोलायौ मलाई,
आज छोराको मुख देख्ने आस खसायौ रे आमा।

खट्दै थिएँ अझै प्रदेशी बनी आज फाँसी चढाए,
छोरा भन्दै निर्जीव मुर्दा लास समायौ रे आमा।

मुक्तक

## सिंहदरबार

**निर्मल खड्का निर्जल**

खै कहिले गाउँ गाउँमा सिंहदरबार आउँछ
बिरामी मरिसकेपछि स्टेचर उपहार आउँछ।
आशा नमार्नुहोस् पीडित जनता अझै पनि
फेरि पाँच बर्षपछि नेताबाट नमस्कार आउँछ।

*भूमे गाउँपालिका ८ रुकुमपूर्व*

### बाल प्रतिभा स्तम्भका लागि अनुरोध

भाइबहिनीहरु, तपाईंहरुले चित्र बनाउँदा सेतो कागज (ह्वाइट पेपर) वा ड्इङ पेपरमा बनाउनु होला। धर्सा भएको कापीमा बनाएको तस्बिर छाप्न योग्य हुँदैन।
चित्रको तल सानो अक्षरमा आफ्नो नाम, उमेर, कक्षा र विद्यालयको नाम लेख्न नभुल्नुहोला।

गजल

## मनले जोडेको नाता

**चित्रा बस्नेत**

मनले जोडेको नातामा रहर देखिने रै'छ
बाध्यात्मक त्यो बन्धनमा कहर देखिने रै'छ।

मिलेर दुई मन मुटु बस्ने सुन्दर संसार
झुपडी पनि त आलिसान घर देखिने रै'छ।

तर्दा दु:खका भेलहरु जोडेर हातहरुलाई
जङ्गार पनि त साथी नहर देखिने रै'छ।

पलपल चिन्तित भइदिने उनकै बिषयमा नै
प्रेममय जिन्दगी हर प्रहर देखिने रै'छ।

नमिल्दा दुई मन मुटु यी रेटेर हृदयलाई
अमृत दिदा नि साँच्चै त्यो जहर देखिने रै'छ।

*दाङ*

## काल्पनिक

**प्रदीप खड्का**

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

सुन्दरता यो भित्र कसैको आँखा लाग्यो
गिद्दे यो नजर देखि डर्न मन लाग्छ।

जहाँ छ रङ्गीन संसार मेरो ठूलो चाहना
सुसेलेर त्यो छाँगाबाट झर्न मन लाग्छ।

काँगुनी त्यो छरेर जाल फिंजाएका हुन्छन्
नर्कमा भन्दा स्वर्गमा चर्न मन लाग्छ।

जिन्दगीमा कहिलेकाहीँ मर्न मन लाग्छ
आज आफूले आफैलाई हर्न मन लाग्छ।

*दाङ हाल : पोर्तुगल*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. प्रदेश सभामा देशकै पहिलो महिला सभामुखमा चयन हुने नेता को हुन् ?**

 **नन्दा गुरुङ (कर्णाली प्रदेश, नेकपा एमालेबाट समानुपातिक)**

— प्रदेश सभाको २०७९ माघ १ मा बसेको बैठकमा सत्तारूढ गठबन्धनकी उम्मेदवार गुरुङले २४ मत प्राप्त गरी कर्णाली प्रदेशको दोस्रो सभामुख र नेपालको इतिहासमै प्रदेश सभामा पहिलो महिला सभामुख बन्न सफल। प्रदेश सभाको पहिलो कार्यकालमा सात वटै प्रदेशमा सभामुख पुरुष चुनिएका थिए।

**२. मधेश प्रदेश सभाको सभामुखमा को निर्वाचित भएका छन् ?**

 **रामचन्द्र मण्डल**

— वि.सं. २०७९ माघ ३ को बैठकमा सहभागी १०३ जना सदस्यमध्ये मण्डल (धनुषा निर्वाचन क्षेत्र १ (१), एमाले) को पक्षमा ७४ र विपक्षमा २९ मत परेको। त्यस्तै प्रदेश सभाको उपसभामुखमा जनमत पार्टीका प्रदेश सभा सदस्य बबिताकुमारी इसर निर्वाचित भएकी। उनले माघ ३ मा बसेको तेस्रो बैठकमा उपस्थित १०१ मध्ये ७२ मत प्राप्त गरेकी।

**३. राजधानीबाट सबैभन्दा नजिक राष्ट्रिय निकुञ्ज भएको देश कुन हो ?**

 **नेपाल**

— सन् १९७२ मा आरक्षका रूपमा स्थापना भई सन् २००० (वि.सं. २०५८) मा निकुञ्जमा परिणत भएको शिवपुरी राष्ट्रिय निकुञ्जको क्षेत्रफल १४४ व.कि.मि. रहेकोमा वि.सं. २०६५ पौष २३ मा नागार्जुन क्षेत्रको १५ व.कि.मि. क्षेत्रफल गाभी यसको क्षेत्रफल १५९ व.कि.मि. कायम भएको ।

— वि.सं. २०२९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जारी भएको ।

— नेपालमा सर्वप्रथम स्थापना भएको राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज (वि.सं. २०३०) हो।

— विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका दुई राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज हुन्।

— नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे—फोक्सुन्डो (३५५५ व.कि.मि.) र सबैभन्दा सानो रा.नि. रारा (१०६ व.कि.मि.) रा.नि. हुन्।

— बर्दिया राष्ट्रिय निकुञ्ज सुरुमा कर्णाली वन्यजन्तु आरक्षका रूपमा स्थापना भएको। पछि बर्दिया वन्यजन्तु आरक्ष नामकरण गरियो भने वि.सं. २०४५ मङ्सिर २० मा बर्दिया राष्ट्रिय निकुञ्जका रूपमा घोषणा भएको।

— अमेरिकी संस्था वल्डल्यान्डको सहयोगमा स्थापना भएको राष्ट्रिय निकुञ्ज मकालु वरुण राष्ट्रिय निकुञ्ज हो।

— विश्व राष्ट्रिय निकुञ्ज सम्मेलन प्रत्येक १० वर्षको अन्तरालमा गर्ने गरिन्छ।

**४. सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुखमा चयन हुने नेता को हुन् ?**

 **इन्दिरा राना**

— प्रतिनिधि सभाको उपसभामुखमा सत्ता गठबन्धनका साझा उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानामगर निर्वाचित। २०७९ माघ ७ मा बसेको प्रतिनिधि सभाको बैठकमा रानाको पक्षमा १६६ जना सांसदले समर्थन जनाएका थिए भने विपक्षमा ९७ जनाको मत परेको थियो। सामाजिक सेवाबाट राम्रो परिचय बनाएकी रानामगर सक्रिय राजनीतिमा संलग्न भएको तीन महिनामै सङ्घीय संसद् प्रतिनिधि सभाको उपसभामुख बन्न सफल भएकी छिन्।

*संकलन/प्रस्तुतकर्ता: टंक के.सी.* *गोरखापत्र दैनिकबाट साभार*

# जुनोटिक रोग सम्बन्धी केही जानकारी

❖ **नारायण ओली**


जुनोटिक रोग यस्ता प्रकृतिका रोगहरु हुन् जुन पशुबाट मानिसमा र मानिसबाट पशुमा सजिलै एक अर्कामा सर्न सक्दछन्। पशुहरुबाट नै यस्ता रोगहरुको सफल नियन्त्रणको लागि भेटेरिनरी ज्ञानको आवश्यक्ता पर्दछ। संसारमा करिब १४०७ जिवाणुहरु मानिसको स्वास्थ्यमा असर गर्न सकृय छन् भने ती मध्ये ५८ प्रतिशत जीवाणु तथा विषाणुहरु जुनोटक भित्र पर्दछन्। त्यसमा पनि १७७ संख्यामा जीवाणु र विषाणुहरु अति संवेदनशील पटक पटक प्रकट हुने र घातक समुह **(emerging and reemerging)** भित्र वर्गीकरण गरिएको छ। नेपालमा ५९ प्रकारका **pathogens** बाट जुनोटिक रोग लाग्ने गर्दछन्। जसमा केही सूचीकृत जुनोटिक रोगहरु यस प्रकार छन्।

को अनुसूची १० मा समावेश गरिएका सीमाविहीन पशु रोगहरुमध्ये वर्ड फ्लु रोग पनि एक हो। यसलाई **Fowl Plague** को नामले पनि चिनिन्छ। यो रोगको पहिचान सर्वप्रथम पन्छीमा सन् १८७८ मा ईटालीमा र मानिसमा सन् १९९७ मा हङकङमा भएको थियो। तत्पश्चात् यो रोग वर्ड फ्लुको नामले प्रचारित भयो। नेपालमा यो रोग पहिलो पटक वि.सं. २०६५/१०/०३ मा मेचीनगर नगरपालिका १० झापामा आउटब्रेक भएको थियो।

### कारण

**RNA** समुहको **Orthomyxoo** विषाणुअन्तर्गत **Influenza A, B** र **C** प्रजातिका विषाणुहरु मध्य **A** प्रजातिका विषाणुले गर्दा वर्ड

१. **Anthrax**
२. **Brucellosis**
३. **Japanese encephalitis**
४. **Hydatidosis**
५. **Neurocysticercoids**
६. **Toxoplasmosis**
७. **Viral influenza**
८. **HPAI**
९. बर्डफ्लु
१०. **AMR**
११. सिष्टिशर्कोसिस
१२. टक्सोपलाज्मोसिस




### ईन्फ्लुन्जा

ईन्फ्लुन्जा विषाणुद्वारा पन्छीमा लाग्ने मानिसमा पनि सर्न सक्ने महामारीको रुपमा फैलिने अत्यधिक मृत्युदर हुने तथा अति प्राणघातक संक्रामक रोग हो यसलाई घातक एभियन ईन्फ्लुन्जा **(Highly pathogenic Avain influenza)** पनि भनिन्छ। **OIE** ले प्राथमिकताको पहिलो सूची **(Lista a Disease)** मा राखेको र पशु स्वास्थ्य तथा पशुसेवा नियमावली २०५६

फ्लु रोग लाग्दछ भने **Influenza B** र C ले केवल मानिसमा मात्र मौसमी रुघाखोकीको रुपमा लाग्दछ र सामान्य असर गर्दछ यो त्यति घातक हुँदैन। मौसमी रुघाखोकी छिटो सर्न सक्ने क्षमताको हुन्छ भने ईन्फ्लुन्जा **A** छिटो मार्न सक्ने क्षमताको हुन्छ।

ईन्फ्लुन्जा **A** विषाणुका विभिन्न उप प्रजातिहरुमध्ये **H5N1 (Asia)** र **H7N7(Europ)** ले मात्र मानिसमा रोग लागेको पाइएको छ।

### रोग सर्ने माध्याम

- हाँसको सुलीमा रोगका विषाणुहरु कम्तिमा ९० दिनसम्म बाँच्छन् र सुली मिसिएको प्रदुषित पानी दाना नै रोग सार्ने मुख्य माध्याम हो।
- विषाणु भएको हाँसको १ ग्राम सुलीमा १० लाख चराचुरुङ्गीलाई संक्रमण गर्न सक्ने विषाणुहरु हुन्छन्।
- रोगको संक्रामक अवधि २-१४ दिनको हुन्छ।

### लक्षणहरु

- अति तीक्ष्ण तरिकाले अकस्मात धेरै कुखुराहरु (१००% सम्म) कुनै पनि लक्षन नदेखाई एकैचोटी एक-दुई दिन भित्रै मर्ने।
- श्वासप्रश्वासमा कठिनाई भै र्याल/सिंगान बगाउने घ्यार घ्यार गर्ने खोक्ने र छिक्ने।(**Low/Mild Pathogenic Avian Influenza**)
- आँखा रातो तथा भिजेको हुने।
- टाउको सुन्निने। सिउर लोती सुन्निने।
- बढी उमेरका कुखुराको घाँटी बटारिने।आंशिक वा पूर्ण पक्षघात हुने।शरिर दल्ने घुम्ने तर्सने र काम्ने।

### रोग निदान

१ इतिहास विवरण र लक्षणबाट

२ पोष्टमार्टम परीक्षणबाट

३ प्रयोगशाला परीक्षण

### उपचार

- मानिस तथा कुखुरामा यसको विशेष उपचार छैन।
- मानवमा फ्लुको लक्षण देखिन वित्तिकै चिकित्सकसँग सल्लाह लिनु पर्दछ।
- चिकित्सकको सल्लाह अनुसार फ्लुको लक्षण देखिएको ३६ घन्टा भित्र **Antiviral Drugs** प्रयोग गर्नु पर्दछ।
  - Amantsdine & Rimantadine (Older drugs)
  - Antiflu (Oseltamivir)-CIPLA-India
  - Fluvir (Oseltamivir)tablets - GenX-India
  - Relanza (Zenamivir) Inhalation -GenX-India
  - Tami Flu (Oseltamivir Phosphate) Tablet-Imported

विदेशमा एन्टिभाइरल औषधीहरु प्रयोग गरिने भए तापनि नेपालमा हालसम्म रोग देखा नपरेकोले औषधी महंगो भएको र नकारात्मक असर बढी हुने भएकोले प्रयोगमा छैन।

### रोकथाम

- जनचेतना अभिवृद्धि गर्न स्वास्थ्य शिक्षा सम्प्रेषण गर्नु पर्दछ।
- कुखुरा फार्म र ह्याचरीहरुमा जैविक सुरक्षका उपायहरु अपनाउनु पर्दछ। जस्तै बाह्य व्यक्तिको प्रवेश निषेध गर्ने र फार्मको मूल प्रवेशद्वारमा नै नियमित फर्मालिन वा अन्य प्रतिजैविक राख्ने व्यवस्था मिलाउनु पर्दछ।
- शंकास्पद अवस्थाका चराचुरुङ्गीहरुलाई निगरानीमा राख्नु पर्दछ र त्यसको ओसार-पसार गर्न दिनु हुँदैन।
- रोग देखिएको मुलुकबाट चराचुरुङ्गी मासु अन्डालगायतका कुनै पनि रोगाणु वाहकहरुको आयातमा बन्देज लगाउनु पर्दछ।
- केटाकेटीलाई घरपालुवा पन्छीहरु, आवास क्षेत्रमा आउने चराचुरुङ्गीसँग खेल्न दिनु हुँदैन।

### बर्ड फ्लु

यो पन्छीहरुमा लाग्ने **Acute, Infectious, Viral Disease** हो। यो रोग द्रुत फैलन सक्ने बिरामी दर र मृत्युदर बढी हुने र कुखुराबाट मानिसमा पनि सर्न सक्ने धेरै खतरनाक भएकोले यसलाई **Highily pathogenic Avain Influnza** वा **Fowl plague** पनि भिनिन्छ। यस रोगबाट विशेषगरी कुखुरा टर्की वट्टाई आदि चराहरु बढी संवेदनशील हुन्छन् भने यिनको अलावा हाँस तथा जंगली चराहरु लक्षण नदेखाई रोग वाहकको काम गर्न सक्छन्। सन १९१८-१९ मा स्पेनमा फैलिएको रूघाले ४ करोडको मृत्यु भएको थियो। यसलाई स्पेनिस फ्लु भनिएको थियो जुन **H1N1** का कारण भएको आशंका गरिएको छ।**H1N1** लाई **Mother of bird flu** भनिन्छ।

सन् १९५७-५८ एसियामा फैलिएको रुघा **H2N2** ले १० देखि २० लाख मानिसहरुको मृत्यु भएको थियो। चराहरुमा सर्वप्रथम यो रोग इटालीमा सन् १८७८ मा देखिएको थियो भने हाल चर्चामा आएको **H5N1** बर्डफ्लु भाइरस सन १९६२ मा दक्षिण अफ्रिकामा देखा परेको थियो।

सन् १९६८-६९ सम्म हङकङमा फैलिदा **(H3N2)** यसलाई हङकङ फ्लुको नाम दिइएको थियो।हङकङमा यसले करिब ७

लाख मानिसको मृत्यु भएको थियो। यो रोग सन् २००३ मा नेदरल्यान्डमा फैलिदा १ जना पशु चिकित्सकको समेत ज्यान लिएको थियो।

नेपालमा यो रोग पहिलो पटक मेचीनगर नगरपालिका-१० मा आउटब्रेक भएको २०६५/१०/२ (सन् २००९/१/१६) मा पुष्टि भएको तथा पुनः २०६५/११/०९ गते झापा जिल्लामा नै दोस्रो पटक आउटब्रेक भएको थियो तर तुरुन्त सतर्कताका साथ नियन्त्रण गरियो। त्यसपश्चात कास्की, चितवन, बाँके, रुपन्देही, दाङ, नवलपरासी, कैलाली (टीकापुर), भक्तपुर, काठमान्डौं, ललितपुर लगायतका ठाउँमा आउट ब्रेक भए पनि हालसम्म कुनै पनि मानवीय क्षति भएको छैन।

**कारण**


यो रोग लगाउने भाइरस **RNA group** को **Orthomixo Virus family** अन्तर्गतका जैविक विशेषताका आधारमा टाइप- ए, बी र सी इन्फ्लुन्जा भाइरस समूहको कारण हालसम्म रोग देखिएको पत्ता लागेको छ।

**रोग सर्ने माध्याम**

वर्डफ्लु रोग सार्नमा जंगली चराचुरुङ्गी, बसाइ सराई गर्ने चरा तथा पानीमा हुने चराहरु बढी जिम्मेवार हुन्छन्। पानी तथा सिमसार क्षेत्रमा बसोवास गर्ने हाँस र अन्य कतिपय जलपन्छीहरुमा इन्फ्लुन्जा भाइरस स्रोत **(Reservoir)** को रुपमा रहने तर उनीहरु बिरामी नहुने हुँदा यिनीहरुमा फ्लु भाइरसका संवाहक पन्छी भनिन्छ। यस्ता फ्लु भाइरसका वाहक **(Carrier)** ले आफू बिरामी नभइकन अरु पन्छीहरुलाई रोग सार्ने गर्दछन्।

**लक्षणहरु**

असाध्यै तीक्ष्ण अवस्थामा कुनै लक्षण नै नदेखाइ केही घन्टाभित्रमा शतप्रतिशतसम्म कुखुरा मर्न सक्दछन्। धेरै कुखुराहरुको मृत्यु भएमा श्वाशप्रश्वास सम्बन्धी गम्भीर लक्षणहरु सिँगान र र्याल बगाउने, टाउको, सिउर र लोति निलो हुने, खुट्टामा रक्तश्राव हुने, पक्षघात, पातलो छेर्ने, अचानक अण्डा उत्पादन घट्ने, जलजले अण्डा पार्ने आदि लक्षण देखिएमा यस रोगको शंका गर्न सकिन्छ।




मानिसमा वर्ड फ्लुको संक्रमण भएमा ज्वरो आउने, रुघाखोकी लाग्ने, श्वास फेर्न गाह्रो हुने, घाँटी, मांशपेशी तथा जिउ दुख्ने, आँखाको संक्रमण हुने र फोक्सोमा असर गरि निमोनिया पनि हुन सक्छ। यो गम्भीर अवस्था हो।

**रोकथाम**

व्यक्तिगत सरसफाइमा ध्यान दिनुपर्छ र यसका लागि

- हाँस र कुखुरा छोएपछि र सम्पर्कमा आएपछि साबुन पानीले हात धुने।
- कुखुरा, हाँसको मासु र अण्डा पकाउनु अघि राम्रोसँग पखाल्ने।
- जनचेतना अभिवृद्धि गर्न स्वास्थ्य शिक्षा सम्प्रेषण गर्ने।
- मासु अण्डा राम्ररी पकाएर खाने तथा मरेका वा रोगी हाँस, कुखुरा नखाने।
- रोगी व्यक्ति कुखुरा वा हाँसबाट टाढा बस्ने र अरुलाई पनि टाढा राख्ने।
- सम्बन्धित निकायमा सूचना दिने।

*लेखक भूमे गाउँपालिकामा नायव पशु सेवा प्राविधिकका रुपमा कार्यरत हुनुहुन्छ।*

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

### नतिजा प्रकाशन सम्बन्धी सूचना।

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,पशु सेवा केन्द्रको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७०/७ /१६ गते प्रथम र मिति २०७९/०९/२१ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार वंगुरको खोर सुधार कार्यक्रम संचालन गर्नका लागि नियम अनुसार पर्न आएका निवेदनहरु मध्येबाट तपशिलका सस्था, कृषक समूह/समितिहरु, कृषि फर्म र कृषकले संस्था, कृषक समूह/समितिहरु, कृषि फर्महरुलाई छनौट गरि १५ दिन भित्र सम्झौताका लागि कार्यालयमा सम्पर्क गर्नुहुन यो सूचना प्रकाशन गरिन्छ ।

**तपशिलः**

| क्र.स | संचालक अध्यक्ष व्यवस्थापक | फर्म/समुह/सहकारी संस्था | फोन नं | कैफियत |
|---|---|---|---|---|
| १ | ज्योती पुन | भूमे बंगुर लन फार्म भूमे २ खावाङवगर | ९८६२४६४९९९ | छनौट |
| २ | सुन कुमारी पुन | बिशु बहुउद्देश्य कृषि फार्म,भूमे २ खावाङवगर | ९८१२८५२८७९ | छनौट |
| ३ | शिखर बुढा मगर | शिखर बहुउद्देश्य कृषि फार्म भूमे ६ महत | | छनौट |
| ४ | जीवन बुढा मगर | जीवन बंगुरपालन फार्म भूमे २ खावाङगर | | छनौट |
| ५ | रामचन्द्र बुढा मगर | अनमोल बंगुर एण्ड ग्रिराज कुखुरा पालन फार्म भूमे ७ बागतारे | ९७४६९३४६३९ | छनौट |
| ६ | लयनसरी बुढा घर्ती | लयन बहुउद्देश्य कृषि फर्म भूमे १लुकुम | | छनौट |
| ७ | बिमल बुढा | जीवनरेखा वंगुरपालन फार्म भूमे १ लुकुम | ९८२२९१९६२४ | छनौट |
| ८ | रबिन बुढा मगर | रविन वंगुरपालन फार्म भूमे ४ काँडा | ०९४८०१३१९७ | छनौट |
| ९ | बल बहादुर सुनार | सावित्री पशु फार्म भूमे ५ सेरावाङ | | छनौट |
| १० | डिल कुमारी बुढा | आकृती बहुउद्देश्य कृषि तथा पशुपन्छी फार्म भूमे २ काक्री | | छनौट |

**बैकल्पिकः**

| क्र.स | संचालक/अध्यक्ष/ व्यवस्थापक | फर्म/समुह/सहकारी संस्था | फोन नं | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द प्रकाश घर्ती मगर | खुसी पशुपंछी बहुउद्देश्य कृषि फार्म भूमे ९ चुनबाङ | | ए. कृ. कार्य ालयबाट सोही प्रकृतिको अनुदान प्राप्त गरेको |

प्रेम प्रसाद भट्टराई
(अधिकृत छैटौं)

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

सूचना नं.:- २०७९/८०/............

**आ.व. २०७९/८० मा नयाँ स्याउ/ओखर पकेट विकास कार्यक्रम सञ्चालनका लागि सम्झौता गर्न आउने सम्बन्धी सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति :- वि.सं.२०७९/१०/१३ गते**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)को यस चालु आ.व.२०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदान कार्यक्रमतर्फ ***आ.व.२०७९/८०मा नयाँ स्याउ/ओखर पकेट विकास कार्यक्रम सञ्चालन*** कार्यक्रम सञ्चालनका लागि प्रथम र दोस्रो पटक प्रकाशित सूचना अनुसार माग भई आएका भूमे गाउँपालिका भित्रका कृषि फार्महरु मध्ये तपशिल बमोजिमका कृषि फार्महरु छनौट भएको हुँदा यो सूचना प्रकाशिन भएको मितिले ***७ दिन (मिति २०७९/१०/२० गते)भित्र*** प्राप्त अनुदान कार्यक्रमको सम्झौताका लागि भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व)मा सम्पर्क राख्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल:

| क्र.सं. | छनौटमा परेका कृषि फार्महरुको नाम | कृषि फार्म सञ्चालकको नाम | स्थायी ठेगाना | पकेट क्षेत्र | पकेट बाली/वस्तु | स्वीकृत अनुदान रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १. | डाँगी फलफूल तथा तरकारी कृषि फार्म | लोक बहादुर डाँगी | भूमे गा.पा.-९, चेप्री | चेप्री | ओखर | २,८०,०००।- |
| २. | मनोज फलफूल, तरकारी तथा वन नर्सरी | झुपलाल वली | भूमे गा.पा.-८, भैसीलोटे | भैसीलोटे | स्याउ | २,१५,०००।- |
| ३. | मध्यपहाडी हिमशिखर बहुउद्देश्य कृषि फार्म | पंचराम पुन मगर | भूमे गा.पा.-१, किरखोला | किरखोला | स्याउ | ५०,०००।- |
| ४. | नविन बहुउद्देश्य कृषि फार्म | नविन बुढा | भूमे गा.पा.-७, डाङ्गग्रीबाङ्ग | उन्नेरी | स्याउ | २,८५,०००।- |
| ५. | तिर्खे एण्ड कर्मी स्याउ खेती फार्म | आरोहन पुन मगर | भूमे गा.पा.-१, मैजाकुङ्ग | मैजाकुङ्ग | स्याउ | १,५५,०००।- |
| - | जम्मा | - | - | - | - | रु.९,८५,०००।— |

**प्राप्त अनुदान कार्यक्रमको सम्झौता गर्नका लागि आवश्यक कागजातहरु:**

- कृषि फार्मको अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा निवेदन र छाप ।
- कृषि फार्मको सञ्चालकको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्मको दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्मको स्थायी लेखा नम्बर (**PAN**) तथा मूल्य अभिवृद्धि कर (**VAT**) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्मको गत आ.व.२०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- कृषि फार्मको गत आ.व.२०७८/७९को अन्तिम लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- अनुदान कार्यक्रम सम्झौता गर्ने सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

**(स्वतन्त्र राज चौधरी)**
**कृषि प्रसार अधिकृत**

**(प्रेम प्रसाद भट्टराई)**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**सम्पर्कका लागि:**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरुको ५० प्रतिशत रकम अग्रीम जम्मा गर्ने/बुझाउने सम्बन्धी सूचना ।**

**प्रथम पटक सूचना प्रकाशित मिति :- वि.सं.२०७९/१०/१३ गते**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) कार्यालयको यस चालु आ.व. २०७९/८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत दोस्रो चौमासिक अवधीमा सञ्चालन हुने *नेपालको संघीय सरकारबाट हस्तान्तरित संघ विशेष अनुदान, **एक घर दश फलफूल विरुवा अनुदान कार्यक्रम***तर्फ हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु खरिद गरी ५० प्रतिशत अनुदानमा वितरण कार्य तथा कार्यक्रम सञ्चालन गर्न सर्वप्रथम भूमे गाउँपालिका, रुकुम (पूर्व)भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुवाट हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरुको माग संकलन गर्नको लागि ***हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु वितरण कार्यक्रम माग सम्बन्धी सूचना प्रथम पटक मिति २०७९/०७/२२ गते र दोस्रो पटक २०७९/०८/०८ गते प्रकाशित सूचना*** अनुसार हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु माग गरेका भूमे गाउँपालिका भित्रका कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरु यसै सूचनासाथ संलग्न लाभग्राहीहरुको विवरण बमोजिम लाभग्राहीहरु छनौट भएको हुँदा यो सूचना प्रकाशिन भएको मितिले ***७ दिन (मिति २०७९/१०/२० गते) भित्र*** उक्त लाभग्राहीहरुको विवरण बमोजिम उल्लेख भएका हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरुको उल्लेखित भए वमोजिम जम्मा रकमको ५० प्रतिशत रकम कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) कार्यालय, सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा कार्यरत कृषि/पशु सेवा प्राविधिकहरु समक्ष अग्रीम जम्मा गर्नुहुन/बुझाउनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

**(स्वतन्त्र राज चौधरी)**
**कृषि प्रसार अधिकृत**

**(प्रेम प्रसाद भट्टराई)**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**सम्पर्कका लागिः**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९११२५

***पुनश्च/नोटः-*** *अन्यथा लाभग्राहीहरुको विवरणमा उल्लेखित लाभग्राही कृषक/कृषि फार्म/कृषक समूह/कृषि सहकारी संस्था लिमिटेडहरुले उल्लेखित **हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी कागजी वदाम) विरुवाहरु**को उल्लेखित जम्मा रकमको उल्लेखित ५० प्रतिशत रकम अग्रीम तोकिएको मिति/समय भित्र भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) कार्यालय, सम्बन्धित वडा कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा कार्यरत कृषि/पशु सेवा प्राविधिकहरु समक्ष जम्मा नगरेमा/नबुझाएमा **हिउँदे फलफूल (स्याउ, ओखर, हलुवावेद, किवी, कागजी बदाम) विरुवाहरु** आपूर्ती गर्न/उपलब्ध गराउन भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्व) कार्यालय बाध्य/जवाफदेही हुने छैन्।*

**कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु**

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

## सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**प्रकाशित मितिः २०७९/१०/१३**

प्रस्तुत विषयमा यस कार्यालयबाट आ.व २०७९/०८० वार्षिक वजेत अनुसार राष्ट्रिय दैनिक पत्रिका र **PPMO e-GP System** को **www.bolpatra.gov.np/egp** मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/BRMO/NCB/2W-01/2079-80 | झुमलावाङ- क्याङसी- गावाङ -काँक्री सडक निर्माण ( दोस्रो चरण) | श्री जय के.जे कन्स्ट्रक्सन प्रा .लि, भूमे-६, रुकुम (पूर्व) | रु. १४,२२,५२०।२६ (अक्षेरुपी चौध लाख बाईस हजार पाँच सय बीस रुपैया छब्बीस पैसा मात्र) |
| ३. | EGP/BRMO/NCB/2W-03/2079-80 | धर्मशाला- खुङ- मालुवा -खाल सडक निर्माण (दोस्रो चरण) | श्री जलाकी निर्माण सेवा प्रा. लि, उवा -८, रोल्पा | रु. १२,६२,४४६।३५ (अक्षेरुपी बाह्र लाख बैसठ्ठी हजार चार सय छेयालीस रुपैया पैतीस पैसा मात्र) |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०७९।०८०(शिक्षा) मितिः २०७९।१०।१३

विषयः नयाँ विद्यालय तथा कक्षा थप सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्र शैक्षिक शत्र २०८० का लागि नयाँ विद्यालय स्थापना र कक्षा थप कार्यका लागि तपशिलका कागजात सहित २०७९ माघ मसान्तभित्र यस कार्यालयमा तोकिएको ढाँचामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

नयाँ विद्यालयका लागि

- गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपी ।
- जग्गा वा भवन भडामा लिने भए कम्तिमा ५ वर्ष सम्मको करार सम्झौता पत्र ।
- प्रस्तावित विद्यालयको क्षेत्रको नक्शा ।
- विद्यालय व्यवस्थापन समितिको सिफारिस ।
- छिमेकी विद्यालयको सिफारिस पत्र ।
- सम्बन्धित वडा समितिको सिफारिस पत्र

**कक्षा थपका लागि**

- तल्लो कक्षाको अनुमति पत्रको छायाँ प्रति।
- विद्यालय सुधार योजना ।
- आर्थिक लेखापरीक्षण र समाजिक लेखापरीक्षण ।
- अध्यापन अनुमति प्राप्त शिक्षकहरुको विवरण ।
- पाठ्यपुस्तकको विवरण(संस्थागत विद्यालयको हकमा) ।
- आवश्यक भौतिक पूर्वाधारहरुको विवरण ।
- कक्षागत रुपमा विद्यार्थीहरुको विवरण ।

कौशल कुमार तिवारी
शिक्षा अधिकृत

**कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु**

भूमे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०७९।०८० (शिक्षा) मितिः२०७९।१०।१३

विषयः Ict Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापन अनुदान रकम निकाशाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

तपसिलमा उल्लेखित विद्यालयहरु,
भूमे गाउँपालिका,रुकुम पूर्व ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम तर्फ बउशिनं. ३५०००१०९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलाप मध्ये शिक्षा, विज्ञान तथा प्रबिधि मन्त्रालय (मा.मन्त्रीस्तर)को मिति २०७९।०५।२९ गतेको निर्णयनुसार विद्यालयमा सूचना प्रबिधि प्रयोगशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तगर्त ICT Lab स्थापना, सुदृढीकरण एवम् Digital library व्यवस्थापन कार्यक्रमका लागि छनौट भएका तपशिलका विद्यालयहरुले अनुदान रकम निकाशाका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय र वडा कार्यालयको सिफारिस सहित यो सूचना प्रकाशन भएको मितिले ३(तीन) दिनभित्र प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

तपशिलः
श्री शहिद शुक्र माद्यामिक विद्यालय भूमे ३, सिमा
श्री शहिद बासु स्मृति नमूना आधारभूत विद्यालय भूमे ३, क्याङसी
श्री सरस्वती माद्यामिक विद्यालय भूमे ८, सिमखोला
श्री आधारभूत विद्यालय भूमे ८, झिम्का

कौशल कुमार तिवारी
शिक्षा अधिकृत

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

# Invitation for Bids
## Bhume Rural Municipality
## Office Of The Rural Municipal Executive
## Khabangbagar, Rukum (East)
## Lumbini Province, Nepal

***Invitation for Bids for the construction work under the below mentioned contracs.***

**First Date of Publication: 2079/08/13 B.S (2022/11/29 A.D)**

**Second Date of Publication: 2079/10/13 B.S (2023/01/27 A.D)**

1. ***Bhume Rural Municipality*** **(BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.**

2. **A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system**

   **www.bolpatra.gov.np/egp**.

3. **Sealed bids must be submitted though electronically to the office** ***BRMO Khabangbagar, Rukum (East)*** **on or before** ***12:00 Noon*** **on** ***2079/10/29 B.S (2023/02/12 A.D).*** **Bids received after this deadline will be rejected automatically.**

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2079/10/29 B.S (2023/02/12 A.D). at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be valid for a period of ***45 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.

5. **All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.**

6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )*** **reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.**

   **Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch**

   **Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum(East)**

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. **The Name and identification no of the contracts are as follows.**

| S.N. | Description of Works | Contract ID | Estimated Amount (with VAT in NRs.) | Bid Document Fee (NRs.) | Bid Security Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1. | Construction of Ranibash-Kuipa Road (2nd Phase) | EGP/BRMO/SQ/2W-15/2079-80 | 17,02,514.10\|- ( Seventeen lakh two thousand five hundred fourteen rupee and ten paisa only ) | 1,000.00\|- ( One thousand only) | 42,600.00\|- (forty two thousand six hundred only) |
| 2. | Construction of Kuchiwang-Simkhola- | EGP/BRMO/SQ/2W-16/2079-80 | 12,17,555.09\|- ( Twelve lakh seventeen thousand five hundred fifty five rupee and nine paisa only ) | 1,000.00\|- ( One thousand only) | 30,500.00\|- ( Thirty thousand five hundred only) |

| | | | | | |
|---|---|---|---|---|---|
| | ...wang Road (2nd Phase) | | | | |

**For Chief Administrative Officer**

# कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

## Invitation for Bids
## Bhume Rural Municipality
## Office Of The Rural Municipal Executive
## Khabangbagar, Rukum (East)
## Lumbini Province, Nepal

***Invitation for Bids for the construction work under the below mentioned contracs.***

**First Date of Publication: 2079/10/13 B.S (2023/01/27 A.D)**

1. ***Bhume Rural Municipality*** **(BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.**

2. **A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system**

   **www.bolpatra.gov.np/egp**.

3. **Sealed bids must be submitted though electronically to the office** ***BRMO Khabangbagar, Rukum (East)*** **on or before** ***12:00 Noon*** **on** ***2079/10/29 B.S (2023/02/12 A.D).*** **Bids received after this deadline will be rejected automatically.**

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***15:00 on 2079/10/29 B.S (2023/02/12 A.D). at*** the office of BRMO ***Khabangbagar, Rukum (East)***. Bids must be valid for a period of ***45 days*** after bid opening and must be accompanied by a bid securityamounting to a minimum of ***the below mentioned amount*** which shall be valid for 30 days beyond the validity period of the bid.

5. **All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.**

6. ***Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )*** **reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.**

   **Name of the Bank: Citizens Bank International Ltd., Bhume branch**

   **Name of Office:Bhume Rural Municipality, Khabagbagar,Rukum (East)**

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. **The Name and identification no of the contracts are as follows.**

| *S.N.* | *Description of Works* | *Contract ID* | *Estimated Amount (with VAT in NRs.)* | *Bid Document Fee (NRs.)* | *Bid Security Amount(NRs.)* |
|---|---|---|---|---|---|
| *1.* | *Ward No.9 Office Building Maintenance for Office Management* | *EGP/BRMO/SQ/W-16/2079-80* | 13,44,000.00|- ( Thirteen lakh forty four thousand only Only ) | *1,000.00|- ( One thousand only)* | *33,600.00|- ( Thirty three thousand six hundred only)* |

**For Chief Administrative Officer**

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

### INVITATION FOR BIDS

**Bhume Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Khabangbagar,Rukum (East)**
**Lumbini Province,Nepal**

***Invitation for Bids for the construction work under the below mentioned contract:***

**First Date of Publication: 2079/10/16 B.S (2023/01/30 A.D)**

1. *Bhume Rural Municipality* (BRMO) invites electronic bids from Nepalese eligible bidders for the below mentioned Contracts under National Competitive Bidding procedures.

2. A complete set of Bidding Documents may be downloaded by visiting PPMO e-GP system **www.bolpatra.gov.np/egp**.

3. Sealed bids must be submitted though electronically to the office *BRMO Khabangbagar, Rukum (East)* on or before *12:00 Noon* on *2079/11/17 B.S (2023/03/01 A.D).* Bids received after this deadline will be rejected automatically.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at *15:00 on 2079/11/17 B.S (2023/03/01 A.D at* the office of BRMO *Khabangbagar, Rukum (East)*. Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid securityamounting to a minimum of *the below mentioned amount* which shall be valid for 30 days beyond the validity period of the bid.

5. All other terms and conditions will be as per the Nepal's Government Prevailing Public Procurement Act 2063 and Regulations 2064 including all amendments.

6. *Bhume Rural Municipality Office (BRMO) Khabangbagar, Rukum (East )* reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

Name of the Bank: Citizens Bank International Ltd. , Bhume branch

Name of Office: Bhume Rural Municipality, Khabagbagar,Rukum(East)

| | For Bid Document | For Bid Security |
|---|---|---|
| A/c name | GA 1.1 BhumeGa.PaAantarikRajaswaKhata | GA 3 Bhume Ga.pa. DharautiKhata |
| A/c No. | 0780100000001202 | 0780100000030201 |

7. The Name and identification no of the contracts are as follows.

| *S.N.* | *Description of Works* | *Contract ID* | *Average Annual Turnover (NRs)* | *Specific Nature of Similar Work Experience (NRs)* | *Bid Document Fee (NRs.)* | *Bid Security Amount(NRs.)* |
|---|---|---|---|---|---|---|
| *1.* | *CONSTRUCTION OF WARD No. 1 ADMINISTRATIVE OFFICE BUILDING* | *EGP/BRMO/NCB/WAB/W-12/2079-80* | *1,83,00,000.00/- (One Crore Eighty three lakh Only)* | *1,18,00,000.00/-( One Crore Eighteen lakh Only )* | *5,000.00/- ( Five thousand only)* | *6,51,000.00/- (Six Lakh Fifty One thousand only )* |

**For Chief Administrative Officer**

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

## उपभोक्ता तथा व्यापारी वर्गमा भूमे गाउँपालिका, रुकुम (पूर्व) को अपिल !

१) कारोबार स्थलमा साइनबोर्ड, मूल्य सूची भए नभएको हेर्ने बानी बसालौं । प्याकिङमा अधिकतम् खुद्रा मूल्य (MRP), उपभोग्य अवधि (Best Before BB) हेरेर मात्र सामान खरिद गरौं ।

२) प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगाना, वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति र उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।

३) उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुनः लेबलिङ गरेको वस्तु खरिद नगरौं ।

४) औषधी तथा औषधिजन्य पदार्थहरको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

५) वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपयोग गर्ने तरिका छ/छैन हेर्ने बानी बसालौं ।

६) सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने बानी गरौं ।

७) कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा पालिका वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गरौं ।

८) अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा नजिकको गाउँ/नगरपालिका वा आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागमा उजुरी गरौं ।

९) व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०) उपभोक्ता हित विपरित हुने कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं ।

भूमे गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङबगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल